राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २६२ ॥ २०८२ मंसिर ०६ गते शनिबार (22nd Nov 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# प्रहरीबाट लुटिएका बाँकी २० थान हतियार खोई ?

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा झापामा प्रहरीबाट लुटिएका २० थान हतियार ,९३३२ राउण्ड गोली र १०९ सेल अश्रुग्यास अझै गायव नै रहेको छ ।

जम्मा २४ थान हतियार लुटेकोमा ४ थान हतियार मात्र भेटिएको छ। अरु हतियार कहाँ छ प्रहरीलाई थाहा छैन । सानो हतियार- ५ थान , लामो हतियार(एसएलआरलगायत) -११ थान र शर्टगन/ ग्यासगन ४ थान फिर्ता नभएको प्रहरी स्रोतले जनाएको छ । त्यस्तै ९३३२ राउण्ड गोली र १०९ सेल अश्रुग्यास पनि गायव नै रहेको प्रहरी स्रोतले जानकारी दिएको छ ।



करिव अढाई महिना बितिसक्दासमेत लुटिएका हतियार फेला नपर्दा सुरक्षा चुनौती देखिएको छ । जेनजी आन्दोलनमा प्रहरी कार्यालयहरुमा तोडफोड , आगजनी र लुटपाट गर्नेहरुको पहिचान गर्दै प्रहरीले धरपकडलाई तीब्रता दिएको छ। अहिलेसम्म ३० जनालाई पक्राउ गरिसकेको प्रहरीले जनाएको छ । उनीहरुको बयानकै आधारमा र खोजतलासका क्रममा लुटिएका हतियार फेला पार्ने क्रम जारी रहेको जनाइएको छ । जेनजी युवाको आन्दोलनपछि देशैभरी सबैभन्दा ठूलो चुनौती सुरक्षा व्यवस्थामै देखिएको छ।

प्रहरीबाट लुटिएका हतियार, जेलबाट फरार भएका कैदीवन्दी , प्रहरी हिरासतबाट भागेका थुनुवा र विभिन्न असन्तुष्ट समूहहरुले उठाउन खोजिरहेका सम्भावित आन्दोलनका कारण सुरक्षा ब्यवस्था थप जटिल बन्ने देखिएको हो। दुर्गा प्रसाईदेखि जेनजीकै नाममा खडा भएका समूहरुले विरोध प्रदर्शनको प्रयास गरिहेका छन्। जेनजी आन्दोलनबाट सत्ताच्यूत भएको नेकपा एमालेले पनि प्रदर्शन शुरु गरिसकेको छ। बाराको सिमरामा भएको झडप अन्य ठाउँमा पनि हुनसक्ने खतरा देखिएको छ । विभिन्न समूह वा पार्टीहरु शक्ति प्रदर्शनमा उत्रिए भने लुटिएका हतियार दुरुपयोग हुन सक्ने देखिन्छ ।

गत भदौ २४ गते नियोजित रुपमा आगो लगाउने र हतियार लुटनेहरुलाई प्रहरीले पक्राउ गर्न देशव्यापी अपरेशन नै चलाइरहेको छ । लुटिएका हतियार सुरक्षाका लागि सबैभन्दा जोखिम बनिरहेका छन् । ठूलाभन्दा पेस्तोल जस्ता साना हतियार दुरुपयोगको जोखिम बढ्ने सुरक्षा निकायको विश्लेषण छ।

## इप्रका दमकमा आक्रमण गर्ने थप एकजना पक्राउ

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकमा आक्रमण गर्ने थप एकजना पक्राउ परेका छन् ।

दमक -९ बस्ने १९वर्षीय सुन्दर गिरीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । जेनजी आन्दोलनका क्रममा इप्रका दमकको कार्यालय तोडफोड, आगजनी, प्रहरी कर्मचारीमाथि दुर्व्यवहारमा संलग्न भएको फोटो भिडियोको आधारमा इप्रका दमकबाट गएको टोलीले उनलाई बिहीवार राति १.१० बजे पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धानको लागि इप्रका दमकमा राखिएको छ ।
योसंगै जेनजी आन्दोलनका क्रममा झापाका प्रहरी कार्यालयमा आक्रमण गरेको आरोपमा पक्राउ पर्नेहरुको संख्या ३० पुगेको छ । यसअघि बिर्तामोडमा १६ र दमकमा १३ जना पक्राउ परेका थिए ।

# पटके अभियुक्त एमाले भोलेन्टियर फोर्सका कमान्डर




झापा(प्रस) । नेकपा एमालेले घोषणा गरेको 'युथ भोलेन्टियर फोर्स'का केन्द्रीय कमान्डका प्रमुख पुष्पराज श्रेष्ठ फौजदारी मुद्दाका पटके अभियुक्त भएको खुलेको छ ।

नेपाल प्रहरीको क्रिमिनल रेकर्ड सिस्टम (सीआरएस) मा उल्लेख भए अनुसार, २०६५ देखि २०७५ सम्म उनीविरुद्ध ७ वटा मुद्दा दर्ता भएको छ ।

पछिल्लो पटक २०७५ भदौमा अपहरण तथा शरीर बन्धकमा संलग्न भएको आरोपमा प्रहरीले उनलाई पक्राउ गरेको थियो । प्रहरीका अनुसार, सिन्धुलीको कमलामाई-५ घर भइ रातोपुल बस्दै आएका रामबहादुर कटुवालले आफूलाई धम्की दिएको भन्दै उजुरी दिएपछि उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई नियन्त्रणमा लिएको थियो ।

उनीमाथि ४ पुस २०७३ मा गणेशकुमार कुँवरलाई बन्धक बनाएर रकम लुटपाट गरेको अभियोगमासमेत अनुसन्धान भएको थियो । उनलाई डेरामा लगेर जबरजस्ती ११ लाख रुपैयाँ बराबरको चेकसमेत काट्न लगाएको पाइएको थियो । त्यसबेला उनीविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा चलेको थियो ।

त्यसबेला उनी माओवादी निकट योङ कम्युनिस्ट लिग (वाईसीएल) को सिन्धुली जिल्ला अध्यक्ष थिए । पछि माओवादी र नेकपा एमाले मिलेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेयता उनी एमालेमै रहे । प्रहरीका अनुसार, २०६३ र ०६४ सालमा पनि उनीविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा चलेको थियो ।

२०६७ सालमा उनीविरुद्ध सार्वजनिक अपराध ऐनअन्तरगतको कसुरमा मुद्दा चलेको थियो । त्यसबेला उनीमाथि सिन्धुलीका राजन घिसिङलाई कुटपिट गरेको आरोप थियो । २०७० सालमा अपहरण तथा शरीर बन्धकको कसुरमा उनी पक्राउ परेका थिए भने २०७६ मा उनी ज्यान मार्ने उद्योगमा पक्राउ परेका थिए ।

# प्रतिनिधिसभा निर्वाचनका लागि ३७ वटा दल दर्ता

झापा(प्रस) ।निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि हालसम्म ३७ वटा दल दर्ता भएको जनाएको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि हालसम्म ३७ वटा र राष्ट्रियसभा निर्वाचन प्रयोजनका लागि ७ वटा दल दर्ता भएको जानकारी दिए। त्यस्तै आयोगमा हालसम्म दर्ता भएका दलको संख्या १ सय २६ पुगेको र ३० दल दर्ता प्रक्रियामा रहेको उनले बताए।



निर्वाचनका लागि सुरक्षा, व्यवस्थापकीय लगायतका कामलाई कार्ययोजना बनाएर नै काम गरिरहेको उनले जानकारी दिए।

त्यस्तै प्रवक्ता भट्टराईले प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने मितिलाई निर्दिष्ट समय कायम गर्ने बताए।

आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने मतदाताको विवरण यही मंसिर २० गते आयोगको वेबसाइटमा प्रकाशन गर्ने र त्यसमाथि कुनै त्रुटि वा उजुरी भएमा मंसिर २१ देखि २७ गते सच्याउन सकिने उनले बताए।

विवरण सच्याउने काम सकिएपछि आगामी पुस १५ गते मतदाताको अन्तिम नामावली सार्वजनिक गर्ने प्रवक्ता भट्टराईले बताए।

# नक्कली जेनजी परिचालन गरेर निषेध गर्न खोजियो: ओली

झापा(प्रस) । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकार र विभिन्न शक्तिले नक्कली जेनजी परिचालन गरेर राजनीतिक दलका गतिविधिलाई निषेध गर्न खोजेको आरोप लगाएका छन्।

शुक्रबार काठमाडौंमा एमालेको स्वयंसेवी दस्ता नेसनल भोलेन्टियर फोर्स (एनभिएफ)को घोषणा गर्दै ओलीले विभिन्न शक्ति र सरकार पृष्ठभागमा बसेर नक्कली जेनजी परिचालन गरी राजनीतिक दलका गतिविधिलाई निषेध गर्न खोजेको आरोप लगाएका हुन्। अरूको निर्देशन मानेर जनेजीका नाममा उपद्रो मच्चाउन नपाइने उनले बताए।

अध्यक्ष ओलीले सरकारले निर्वाचनको रटान लगाएपनि शान्तिपूर्ण भेला सभा आयोजना गर्ने वातावरणसम्म बनाउन नसकेको जिकिर गरे। सरकार असफल भए देशमा झन् ठुलो विपत्ति हुन्छ भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति आएको भन्दै ओलीले आपत्ति जनाए। अध्यक्ष ओलीले देशमा थप विध्वंस मच्चाउने योजना भए सपना नदेख्न सुझाव दिए। उनले संविधानबाट नभई असंवैधानिक बाटोबाट वर्तमान सरकार गठन भएको भन्दै लोकतन्त्रलाई सही बाटोमा फर्काउने उद्घोष गरे।

अध्यक्ष ओलीले १२५ दललाई वार्तामा बोलाएर प्रधानमन्त्रीले एमाले र कांग्रेसको अपमान गरेको जिकिर गरे। त्यस्तै उनले एमालेको महाधिवेशन भाँड्नका लागि विभिन्न प्रयास भइरहेको भन्दै भव्य रूपमा महाधिवेशन गरेर देखाउने बताए।

अध्यक्ष ओलीले नक्कली वामपन्थीलाई एमालेमा कुनै स्थान नभएको समेत स्पष्ट पारे। उनले कसैका विरुद्ध नभई हिंसा र अराजकताका विरुद्ध भोलेन्टियर फोर्स गठन गरिएको बताए। फोर्सले एमालेको मात्र होइन एमालेसँग असहमत राख्नेहरूको पनि सुरक्षा गर्ने उनले बताए। त्यस्तै नेसनल भोलेन्टियर्स फोर्सका संयोजक पुष्पराज श्रेष्ठले पार्टीले आशा गरेर दिएको जिम्मेवारी एक रत्ति पनि मर्न नदिने प्रतिबद्धता जनाएका छन् ।

घोषणा सभालाई सम्बोधन गर्ने क्रममा उनले जस्तोसुकै अवस्थामा पनि सडकबाट मात्रै नभइ जहाँबाट पनि भिड्न तयार रहेको बताए ।

'पार्टीले जुन आशा भरोसा गरेर हामीलाई एउटा जिम्मेवारी दिएको छ, त्यसलाई एक रत्ति पनि मर्न दिइने छैन,' श्रेष्ठले सम्बोधनको क्रममा भने, 'हामी जस्तो अवस्थामा पनि टाउकोमा रातो कफन बाँधेर सडकबाट भने पनि सडकबाट, जहाँबाट लड्न भिड्न पनि तयार छौं ।'

श्रेष्ठले सम्बोधनको क्रममा सरकारलाई धम्की दिँदै नसच्चिएको खण्डमा जस्तोसुकै प्रतिकार गर्न तयार रहेको पनि बताए । 'यो सरकारलाई म चुनौती दिन चाहन्छु- यदि तपाईंहरू सच्चिएनौं भने हामीले तपाईंहरू जस्तो विरोध गर्छ, अवरोध गर्छ त्यसको प्रतिकार गर्छौं,' उनले भनेका छन् ।

# १४ वर्षदेखि अलपत्र कन्काई पुलको ठेक्का तोडिँदै

झापा(प्रस)। हुलाकी राजमार्गअन्तर्गत १४ वर्षअघि संझौता भएर अलपत्र छाडिएको झापाको कन्काई पुलको ठेक्का तोडिने भएको छ । कन्काई पुलको ठेक्का सम्झौता १४ वर्षअघि अर्थात् २९ जेठ २०६८ मा भएको थियो । यस पुलको प्रगति कन्स्ट्रक्सनले गरेको थियो । उक्त कम्पनीका मुख्य व्यक्ति हुन्, पूर्वसांसद हरिनारायण रौनियार । पुल र सडकको ठेक्का लिएर समयमै काम नसकेपछि यस कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ । उसले नयाँ ठेक्का काम गरेको देखिँदैन, त्यसैले ठेक्का तोडिन्छ ।' अहिलेसम्म २ सय २९ वटा रुग्ण सडक र पुलका ठेक्का किन नतोड्ने भन्दै सूचना निकालिएको सडक विभागको भनाइ छ । उक्त ठेक्काहरूबारे बुझ्ने काम भइरहेको र काममा प्रगति नहुने ठेक्का तोडिने सडक



अहिलेसम्म ५६ प्रतिशत मात्र छ । पुलको ठेक्का पप्पु-महादेव खिम्ती जेभीले ३४ करोड ९ लाख रुपैयाँमा लिएका हुन् । महादेव खिम्ती नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको कम्पनी हो । पहिला ७ सय २५ मिटर लामो यो पुलको काम सुरुमा पप्पु लिन पाउँदैन ।

'कन्काई पुलको ठेक्का तोड्नुको विकल्प छैन, सूचना निकालेको १५ दिन सकिसकेको छ,' हुलाकी राजमार्ग निर्देशनालयका निर्देशक कुवेर नेपालीले भने, 'निर्माण सुरु भइसक्दा पनि फिल्डमा निर्माण व्यवसायीले विभागका महानिर्देशक विजय जैसीले बताए । झापाको बाढी र डुबान प्रभावित क्षेत्र अवलोकन गर्न २६ असोजमा आएका बेला मन्त्री कुलमान घिसिङले अलपत्र कन्काई पुल पुगेर ठेक्का तोडेर भए पनि निर्माण कार्य अघि बढाउने बताएका थिए ।

# सरोजको घटनालाई टुंगोमा पुर्‍याउने प्रहरी निरीक्षक केसी सर्वोत्कृष्ट प्रहरी

झापा(प्रस) ।शिवसताक्षी नगरपालिका-१० माइधारका ३३ बर्षीय सरोज शर्मालाई अपहरणपछि हत्या गरेको घटनालाई सफल अनुसन्धान गर्ने इलाका प्रहरी कार्यालय झिलझिलेका इन्चार्ज प्रहरी निरीक्षक सुभाष केसी सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।



कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले इलाका प्रहरी कार्यालय झिलझिलेमा कार्यरत प्रहरी निरीक्षक केसीलाई कात्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी (बेस्ट पुलिस अफ द मन्थ ) घोषित गरेको हो। प्रहरी निरीक्षक केसीले सरोज शर्मालाई अपहरणपछि हत्या गरेको घटनालाई सफल अनुसन्धान गरी दोषीलाई कार्वाही गर्न खेलेको भूमिकाको मूल्यांकन गरिएको हो । कात्तिक ९ गते अर्जुनधारा नगरपालिका-४ स्थित दहिझोडा सामुदायिक वनमा शर्मालाई अपहरण शरीर बन्धक ज्यान सम्बन्धी कसुरमा अनुसन्धानको क्रममा शंकित ब्यक्तिहरुको पहिचान तथा निगरानी गरी कात्तिक १३ गते मेचीनगर नगरपालिका-१३ स्थित हातेमालो सामुदायिक वनमा मृतक सरोज शर्माले प्रयोग गरेको गाडी जलाएको अवस्थामा फेला पारी घटनाको सुक्ष्म अध्ययनको क्रममा शंकित व्यक्तिहरू पक्राउ गर्न सफल भएका थिए । त्यस्तै मृतकको लाश गाडेको स्थान पहिचान गरेर उक्त स्थानमा उत्खनन गरी लाश फेला पारी अनुसन्धानलाई थप प्रमाणमुखी बनाउन सफल भएका केसीले उक्त घटनालाई लिएर पीडित र स्थानीय ब्यक्तिहरुले प्रतिवादीहरुको घर तथा सम्पत्तिमा तोडफोड तथा आगजनी गर्ने प्रयास गर्दा आफ्नो कमाण्डमा टोली परिचालन गरी आक्रोशित भीडलाई नियन्त्रण गरी अप्रिय घटना हुन नदिई धन-जनको क्षतिबाट बचाउनुका साथै पीडित तथा प्रतिवादी दुबैका परिवार समेतलाई सकुशल उद्धार गरी समाजमा शान्ति सुरक्षा कायम राख्न अहम् भूमिका निर्वाह गरेका थिए । प्रहरी निरीक्षक केसीबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै उनलाई कात्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

# हाइस दुर्घटनामा एकको मृत्यु, १२ जना घाइते

झापा(प्रस) । धनकुटामा शुक्रवार बिहान भएको हाइस दुर्घटनामा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परी अन्य १२ जना घाइते भएका छन् । त्यसमध्ये दुईजनाको अवस्था गंभीर रहेको छ ।

दुर्घटनामा परी संखुवासभा सभापोखरी गाउँपालिका वडा नम्बर २ बस्ने वर्ष अन्दाजी ८२ की सावित्रा कालाखेतीको मृत्यु भएको हो । घाइते कालाखेतीको उपचारको क्रममा जिल्ला अस्पताल धनकुटामा बिहान ८.१५ बजे मृत्यु भएको हो । मृतकको शव तत्काल जिल्ला अस्पताल धनकुटामै रहेको छ ।

बिहान ६:१० बजे धनकुटा पाख्रिबास नगरपालिका ५ भैसेस्थित मध्यपहाडी लोकमार्गमा काठमाडौबाट खाँदबारीतर्फ आउँदै गरेको बा ४ ख ५५०२ नम्बर सप्तकोशी हाइस अनियन्त्रित भई बाटोबाट अन्दाजी ६०-७० मिटर तल खसेर दुर्घटना भएको हो ।घाइते हुनेहरुमा संखुवासभा दरबन्दी भई प्रहरी चौकी धुपु संखुवासभामा कार्यरत धनकुटा महालक्ष्मी नगरपालिका वडा नम्बर ३ बस्ने प्रहरी जवान सुजता गिरी , संखुवासभा सिलिचुङ गाउँपालिका वडा नं ३ बस्ने वर्ष अन्दाजी ३० की संगिता राई , सोही ठाउँ बस्ने वर्ष ३९ का नरेन्द्र राई ,संखुवासभा पाँचखपन नगरपालिका वडा नं ९ बस्ने वर्ष अन्दाजी २४ की लमु शेर्पा ,उदयपुर लिम्चुङबुङ गाउँपालिका वडा नं १ बस्ने वर्ष ४४ की निर्जला राई , सोही ठाउँ बस्ने वर्ष ११ की बिनिता राई ,वर्ष १४ का जेसन राई , सिन्धुली फिटिङ गाउँपालिका (तत्काल वडा नम्बर नखुलेको) बस्ने वर्ष १९ का सन्तबहादुर तामाङ ,भोजपुर साप्लासिलिचुङ गाउँपालिका वडा नं ५ बस्ने वर्ष अन्दाजी ३२ पासाङ शेर्पा , संखुवासभा खाँदबारी नगरपालिका वडा नं ७ बस्ने वर्ष अन्दाजी ५० का रत्नबहादुर विक , र हाइस चालक तत्काल वतन नखुलेको वर्ष अन्दाजी ४० का दिपेन्द्र बुढाथोकी रहेका छन् । रत्नबहादुर विक र हाइस चालक दिपेन्द्र बुढाथोकीको अवस्था गम्भीर रहेकाले जिल्ला अस्पताल धनकुटामा सामान्य उपचारपश्चात् थप उपचारको लागि विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा रेफर गरिएको छ । अन्यको जिल्ला अस्पताल धनकुटामा उपचार भइरहेको छ ।

# झापा कारागारका एक कैदीको मृत्यु

झापा(प्रस)।भद्रपुरस्थित झापा कारागारका एक कैदीको मृत्यु भएको छ ।
जबरजस्ती करणी मुद्दामा कैद भुक्तान गरिरहेका भारत पश्चिम बंगाल राज्य दार्जीलिङ बस्ने ६१ वर्षीय कर्णबहादुर लिम्बूको उपचारका क्रममा मृत्यु भएको हो । शुक्रवार बिहान ८ बजे अचानक प्रेसरको बिरामी भई लिम्बूलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पुऱ्याइएको थियो । उपचारका क्रममा बिहान ८:४० बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको शव सोही अस्पालमा रहेको छ । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी अधिकृतसहितको टोली खटिएको र मृतकका आफन्तलाई जानकारी गराइसकिएको सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले जानकारी दिएका छन् । उनी २०७५ साउन २९ गतेदेखि झापा कारागारमा कैद भुक्तान गर्दे आएका थिए ।

कोशी प्रदेशका विभिन्न जिल्लास्थित कारागारहरूमा पछिल्ला महिनामा लगातार कैदीबन्दीको मृत्यु हुँदै आएको छ। झापा, सुनसरी र मोरङका कारागारमा कैद भुक्तान गरिरहेकामध्ये साउनयता ८ जना

शुक्रवार बिहान झापा कारागारमा कैद भुक्तान गरिरहेका ६१ वर्षीय कर्णबहादुर लिम्बू अचानक उच्च रक्तचापका कारण अस्वस्थ भए । उनको प्रादेशिक अस्पताल भद्रपुरमा उपचारका क्रममा मृत्यु भयो ।



कैदीबन्दीले ज्यान गुमाइसकेका छन् । अधिकांश मृत्यु स्वास्थ्य जटिलता, ढिलो उपचार र कारागारभित्रको भीडभाड तथा कमजोर स्वास्थ्य सेवासँग जोडिएको देखिन्छ ।

२४ कात्तिकमा झुम्का कारागारको 'बी' बन्दी गृहमा ५३ वर्षीय सुधना सरदार अचेत अवस्थामा भेटिएका थिए । इनरुवा अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भयो । सरदार मधुमेहका नियमित औषधि सेवन गर्थे । मानव बेचबिखन मुद्दामा १० वर्षको सजाय काटिरहेका उनी झुम्कामै रहेर उपचार पाइरहेका थिए ।
मोरङ कारागारमा कात्तिक ७ र १४ मा क्रमशः दुई कैदीबन्दीको मृत्यु भयो । कारागार प्रशासनका अनुसार दुवै जनामा शरीर सुन्निने र सास फेर्न गाह्रो हुने समान लक्षण देखिएको थियो । २० वर्षीय मुस्कान दनुवार, जबरजस्ती करणी मुद्दामा १२ वर्षको कैद भोगिरहेका थिए । कोशी अस्पतालमा भर्ना भइसकेपछि उपचारका क्रममा मृत्यु भएको कारागार प्रमुख गौरव ढुंगेलले जनाए ।
३२ वर्षीय जितप्रसाद सापकोटा, लागूऔषध मुद्दामा दोषी, शरीर सुन्निने समस्या भएपछि कोशी अस्पताल हुँदै नोबेल शिक्षण अस्पतालमा भर्ना गरिएका थिए । कात्तिक ८ गते राति उनको मृत्यु भएको थियो । मोरङ कारागारमा अहिले १ हजार एक सयभन्दा बढी कैदीबन्दी छन् । साउनदेखि ६ जना कैदीबन्दीले ज्यान गुमाइसकेको कारागार प्रशासनले जनाएको छ ।सबै कारागारमा क्षमताभन्दा दोब्बर-तेब्बर कैदीबन्दी छन् । भीडभाडका कारण अनेक किसिमका रोग संक्रमण, दबाब र स्वास्थ्य जोखिम बढिरहेका विज्ञहरूको भनाइ छ । मृत्युको अर्को मुख्य कारण समयमै उपचार नपाउनु हो । अचानक स्वास्थ्य समस्या देखिए पनि तुरुन्त एम्बुलेन्स, विशेषज्ञ सेवा वा आकस्मिक उपचार नपाउने स्थिति धेरैजसो कारागारमा छ । जसका कारण मृत्युका घटना बढिरहेको अधिकारकर्मीहरूको भनाइ छ । कारागारहरूमा मधुमेह, उच्च रक्तचाप, मिर्गौला खराबी लगायतका समस्या भएका कैदी धेरै छन् । नियमित निगरानी र औषधि सेवन नगर्दा उनीहरूको ज्यान जाने गरेको पाइन्छ । कारागारहरूमा पनि पर्याप्त चिकित्सक, नर्स, स्वास्थ्य उपकरण वा औषधि छैनन् । केही कारागारमा स्वास्थ्य उपचार कक्ष मात्रै औपचारिकताजस्तै देखिन्छ ।

# सुदूरपश्चिमको लगातार दोस्रो जित

झापा(प्रस) । ओपनरद्वय जोस ब्राउन र विनोद भण्डारीको शतकीय साझेदारीमा सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा लगातार दोस्रो विजय हात पारेको छ । रोयल्सले शुक्रबार पोखरा एभेन्जर्सलाई १८ रनले पराजित गऱ्यो ।
पोखराका कप्तान कुशल भुर्तेलले त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय रंगशालामा टस जितेर ब्याटिङको निम्तो दिएपछि आएको सुदूरपश्चिम रोयल्सले



निर्धारित २० ओभरमा ४ विकेट गुमाई १ सय ९३ रन बनाएको थियो । भुर्तेलले अर्धशतक बनाए पनि जवाफमा आएको पोखराले ८ विकेट गुमाई १ सय ७५ रन मात्र बनाउन सक्यो ।
रोयल्सको यो लगातार दोस्रो जित हो । रोयल्सले पहिलो खेलमा काठमाण्डु गोर्खाजलाई २९ रनले पराजित गरेको थियो । पोखरा पहिलो खेलमा विराटनगर किंग्ससँग ५३ रनले पराजित भएको थियो । गत वर्षको लिग यी दुईबीचको खेलमा सुदूरपश्चिम ५ रनले विजयी भएको थियो ।
भुर्तेलले ३२ बल खेली समान ४ चौका र छक्कासहित ५३ रन बनाए । स्कट कुग्लेनको बलमा क्रस गरेर खेल्न खोज्दा उनले लेग स्टम्प गुमाएका थिए । पोखराले पावर प्लेको ६ ओभरमा २५ रन मात्र जोड्न सकी ३ विकेट गुमाए पनि भुर्तेल र जिम्मी निसमले चौथो विकेटका लागि ४३ बलमा ७५ रन जोडेका थिए ।
गत सिजन जनकपुर बोल्ट्सलाई उपाधि दिलाएका निसमले २५ बल खेली २ चौका र ५ छक्कासहित ४७ रन बनाए । उनलाई रोयल्सका कप्तान दीपेन्द्रले लो बलमा बोल्ड गरे । सुमित बर्मा ६, अभिषेक तिवारी १३ बलमा ३ रन बनाई आउट भए ।

पोखराको सुरुवात राम्रो थिएन । पहिलो ओभरमै एडम रोसिङटन रनआउट भए । उनका ओपनिङ जोडि दीनेश खरेलले पनि ६ रन मात्र बनाउन सके । किरण ठगुन्ना पनि ९ रनमै आउट भए । तल्लो क्रममा ड्यान डाउथवेटले १६ बल खेली १ चौका र ५ छक्काका साथ ३७ रन बनाए । विपिन खत्री ७ रनमा अविजित रहे ।
रोयल्सका हरमित सिंहले ४ ओभरमा २२ रन खर्चेर २ तथा कुग्लेन, दीपेन्द्र, हेमन्त धामी, अविनाश बोहरा र नरेन साउदले १-१ विकेट लिए ।
यसअघि ब्राउन र विनोदले पहिलो १० ओभरमै विना क्षति ९९ रन जोडेर सुदूरपश्चिमलाई उत्कृष्ट सुरुवात दिलाएका थिए । ११ औँ ओभरमा निसमले ब्राउनलाई आउट गरी यो साझेदारी तोडेका थिए, जति खेर सुदूरपश्चिमको स्कोर १ सय ८ रन थियो ।
ब्राउनले ३५ बल खेली ६ चौका र ५ छक्कासहित ६८ रन बनाए । विनोदले ४२ बल खेली ६ चौकासहित ४३ रन बनाए । ब्राउन र विनोदको बीचमा क्रिस लिन १३ बलमा ३१ र कप्तान दीपेन्द्रसिंह ऐरी १० बलमा १३ रन बनाई आउट भएका थिए । लिनले ४ चौका र २ छक्का तथा दीपेन्द्रले समान १ चौका र १ छक्का प्रहार गरे ।

काठमाण्डु गोर्खाजविरुद्ध आक्रामक ब्याटिङ गरेका हरमित सिंह ६ बलमा ४ रन, स्कट कुग्लेन ८ र आरिफ शून्यमा आउट भए । पोखरा निसमले ४ ओभरमा ४७ रन खर्चेर ३ तथा डाउथवेटले ४ ओभरमा २४, आकाश चन्दले ४ ओभरमा ४३ रन खर्चेर २-२ विकेट लिए ।

# जथाभावी एन्टीबायोटिक्सको प्रयोगले स्वास्थ्य महामारी

झापा । सामान्य रुघाखोकी लाग्दा पनि आजभोलि मानिस छिट्टै सन्चो हुने मनसायले सिधै एन्टीबायोटिक प्रयोग गर्ने गरेको पाइन्छ। अझै गम्भीर कुरा विरामीले चिकित्सकको सिफारिस (प्रेस्क्रिप्सन) बिना फार्मेसी पसलमा गएर एन्टीबायोटिक आफूखुसी किनेर खान्छन्। यो निकै गम्भीर विषय हो।
केही समयअघि गरिएको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को एक अध्ययनअनुसार नेपालमा २८ प्रतिशत विरामीले अहिले पनि 'ओभर द काउन्टर' औषधि पसलमा गएर चिकित्सकको प्रेस्क्रिप्सनबिना नै एन्टीबायोटिक किनेर खाने गरेको देखाएको थियो।
यो मात्रै होइन चिकित्सकले प्रेस्क्रिप्सन गरेर एन्टीबायोटिक खानुपर्ने अवस्थामा पनि २२ प्रतिशत नेपाली विरामीले एन्टीबायोटिकको डोज पूरा गर्दैनन्। सबैभन्दा डरलाग्दो कुरा नै यही हो। किनकि एन्टीबायोटिक्स आफूखुसी किनेर खानु स्वास्थ्यका लागि जति घातक छ त्योभन्दा दोब्बर घातक एन्टीबायोटिक्सको डोज पूरा नखानु हो। यसले भविष्यमा एन्टीबायोटिक्सले कामै नगर्ने सक्ने (एन्टिमाइक्रोबियल रेजिस्टेन्स)को अवस्था आउन सक्ने विज्ञले बताउँदै आएका छन्।
५ दिन खानुपर्ने औषधि दुई दिन मात्रै विरामीले खाने गरेका छन्।
निको हुनासाथ औषधिको सेवन छाड्ने प्रवृत्तिले पनि किटाणु थप बलियो बन्न थालेको अध्ययनले देखाउँदै आएको छ। जसले गर्दा किटाणु पुरानै हुन् तर थप बलियो बनेर शरीरमा आएका छन्। जसले गर्दा हाल भइरहेका एन्टीबायोटिक्सले



कामै नगर्ने अवस्था सिर्जना भएको छ।
अनुसन्धान परिषद्को उक्त अध्ययनले पनि नेपालमा ७० प्रतिशतले कडा खालको एन्टीबायोटिक प्रयोग गर्छन्। जसको कारण भनेको आफूखुसी एन्टीबायोटिक्स खरिद गरेर खानु वा पूरा डोज नखानु हो।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटा जथाभावी एन्टीबायोटिक्स प्रयोग गर्दा हालका एन्टीबायोटिक्सले कामै नगर्ने अवस्था देखिन थालेकोमा सबै सचेत हुनुपर्ने बताउँछन्। 'एन्टिमाइक्रोबियल रेसिस्टेन्स स्वास्थ्य उपचारमा जटिल समस्या बन्दै आएको छ। यसलाई समयमै सम्बोधन गर्न नसकेन भोलि स्वास्थ्य प्रणालीले नराम्रो हार क्षति व्यहोर्नु पर्ने हुनसक्छ। त्यसैले 'एन्टीबायोटिक भनेको ब्याक्टेरियाले गराउने समस्या वा रोगमा मात्र काम गर्छ सामान्य भाइरल इन्फेक्सन निको बनाउन यसको कुनै भूमिका छैन भन्ने कुरा बुझ्नैपर्छ। अनि मात्र एन्टीबायोटिकको जथाभावी प्रयोग रोक्न सकिन्छ। यसका लागि हामी स्वास्थ्यकर्मी तथा धेरै एन्टीबायोटिक्स प्रयोग हुने अस्पतालमा पनि यसको प्रयोग सचेत रुपमा गर्नुपर्ने हुन्छ' स्वास्थ्य सचिव डा. देवकोटाले भने।
कुनै पनि संक्रमण छिटो सन्चो होस् भनेर खोज्दा जथाभावी एन्टीबायोटिक्स किनेर खाने गर्दा भविष्यमा यसले कामै नगर्ने अवस्था आउन सक्ने हुँदा सचेत हुनुपर्ने बताउँछन् वरिष्ठ क्लिनिकल फर्माकोलोजिस्ट डा. सतीश देव। उनले भने, 'सामान्य भाइरल संक्रमण हुँदा पनि आफूखुसी एन्टीबायोटिक किनेर खाने, चिकित्सकले दिएको एन्टीबायोटिक पूरा नखाने र स-सानो संक्रमणमा पनि चिकित्सकहरूले विरामीलाई एन्टीबायोटिक खान सिफारिस गर्ने हुँदा यसको दुरुपयोग बढेको हो। यस्तै हो भने भविष्यमा हामीले खाने औषधिले शरीरमा राम्रो प्रभाव पार्ने सम्भावना कम हुँदै जान्छ जसले गर्दा उपचार सेवामा चुनौती थपिन सक्छ।'
वरिष्ठ स्वास्थ्यकर्मी समेत रहेकी स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्माले पनि अहिले जथाभावी एन्टीबायोटिक्सको प्रयोग गर्दा भोलि विरामी भएर अस्पताल पुग्दा विभिन्न प्रकारका एन्टीबायोटिक्स औषधिको प्रयोग गर्दा काम नगर्दा अति कडा खालका औषधि दिनुपर्ने र त्यसले पनि निको नहुने अवस्था सिर्जना हुन सक्ने जोखिम बढ्ने हुँदा बेलैमा सचेत रहनुपर्ने बताउँछिन्। विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताहको अवसरमा स्वास्थ्यमन्त्री डा. शर्माले भनेकी छन् 'अस्पतालहरूमा आइपुग्ने विरामीमा विभिन्न औषधिले काम नगर्दा-नगर्दा अति नै कडा खालका औषधि दिनुपर्ने र त्यो औषधिले पनि निको नहुने अवस्था सिर्जना हुन सक्छ। त्यसैले यो अवसरमा म यहाँहरू सबैलाई एकदमै जिम्मेवार भएर चिकित्सकले लेखेको औषधि पूर्ण डोजमा र आवश्यक मात्रामा खानुहुन अनुरोध गर्दै अनावश्यक जथाभावी एन्टीमाइक्रोबियल औषधि प्रयोग नगर्न अनुरोध गर्दछु'।
एन्टिबायोटिक रेसिस्टेन्स संसारभर अहिले स्वास्थ्य चुनौतीको विषय बनेको छ। एन्टीबायोटिक रेसिस्टेन्सको चुनौती विकसितभन्दा पनि विकासोन्मुख देशमा अझ धेरै रहेको छ। तीमध्ये नेपाल पनि एक हो। विश्व स्वास्थ्य संगठनले पनि एन्टीमाइक्रोबियल रेसिस्टेन्सलाई जनस्वास्थ्य चुनौतीका १० रोगमा राखेको छ।
विश्वभर एक वर्षमा करिब सात लाख मानिसको मृत्यु एन्टिमाइक्रोबियल रेजिस्टेन्सका कारण हुन्छ ।
हाल विश्वमा १३७ वटा एन्टीबायोटिक औषधि सङ्क्रमणको उपचारमा प्रयोग भइरहेका छन्। झण्डै ७० प्रतिशत औषधिमा एन्टीबायोटिक माइक्रोबायल रेसिस्टेन्स देखिएको विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कले देखाएको छ।
विरामीको शरीरमा भएको ब्याक्टेरियालाई मार्न वा शरीरमा थप संक्रमण फैलनबाट रोक्न प्रयोग गरिने औषधिलाई एन्टीबायोटिक भनिन्छ। भाइरसले गर्दा हुने संक्रमण (रुघाखोकी, घाँटी खसखसाउने) जस्ता भाइरसजन्य संक्रमणमा एन्टीबायोटिकको प्रयोग नहुने चिकित्सक बताउँछन्। तर सबैभन्दा धेरै आफूखुसी एन्टीबायोटिक्स किनेर खाने विरामी भने यी रुघाखोकीका हुने गरेको चिकित्सक बताउँछन्।
एन्टीबायोटिक सन् १९४० देखि सुरु भएको हो। त्यसअघि एन्टीबायोटिक प्रचलनमा थिएन। साधारण झाडापखाला लागे पनि बिरामीको मृत्यु हुन्थ्यो। पहिलो पटक सुरु भएको एन्टीबायोटिक पेनसिलिङले राम्रो काम गरेपछि यसको व्यावसायिक वृद्धि हुँदै आएको देखिन्छ।
सन् १९४८, १९५३, १९८५, १९९३ सम्म विभिन्न प्रकारका एन्टीबायोटिक पत्ता लागे। तर ३० वर्षदेखि नयाँ एन्टीबायोटिक पत्ता लागेको छैन, जसले विश्वव्यापी स्वास्थ्य सेवाको बढ्दो चुनौतीको संकेत गरेको छ। अन्तिम पटक सन् १९९३ मा एन्टीबायोटिक पत्ता लागेको थियो। नयाँ एन्टीबायोटिक पत्ता लाग्न नसकेको झन्डै ३० वर्ष भएको छ। नयाँ एन्टीबायोटिक पत्ता नलाग्दा ३० वर्ष पुराना औषधि बजारमा विक्री भइरहेका छन्। मनपरी रूपमा यसको प्रयोग बढेपछि एन्टीबायोटिकविरुद्धका किटाणु बलिया हुन थालेको विभिन्न अध्ययनले देखाएका छन्।

# प्रधानमन्त्री कार्कीले गरिन् जेनजी समूहसँग छलफल



झापा (प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले जेनजी आन्दोलनकारी, सहिद परिवार र घाइतेका विभिन्न तीनवटा समूहसँग छलफल गरेकी छन्।
शुक्रबार सिंहदरबारमा भएको छलफलका क्रममा तीनवटै समूहले तत्काल सरकार र आन्दोलनकारीबीच सम्झौतामा हस्ताक्षर हुनुपर्ने, दमनकारीमाथि कारबाहीमा ढिलाइ गर्न नहुने, प्रतिक्रान्ति गर्न दमनकारीहरू सलबलाएकाले त्यसलाई नियन्त्रण गर्नुपर्ने विषय उठाएका थिए।
प्रधानमन्त्री कार्कीले सम्झौताको तयारी अन्तिम चरणमा पुगेको र राष्ट्रपतिसँग सल्लाह गरी निष्कर्षमा पुग्ने जानकारी गराएकी थिइन्। त्यस्तै जेनजी आन्दोलनका घाइते तथा सहिदका परिवारका मागभन्दा सरकार दायाँबायाँ जान नसक्ने भएकाले माग पूरा हुनेमा ढुक्क रहन पनि उनले बताइन्। कतिपय विषयमा सरकारको संवैधानिक र कानुनी सीमा पनि ख्याल गरिदिन उनले आग्रह गरिन्।
प्रधानमन्त्री कार्कीले चुनावमा भाग लिनका लागि आवश्यक तयारी गर्न र जनादेश प्राप्त गरी शान्तिपूर्ण बाटोबाट आमूल परिवर्तनको नेतृत्व लिन पनि उनीहरूलाई सुझाव दिएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्त्व भएको)
मुख्य शाखा कार्यालय, विर्तामोड

## धान खरिद सम्बन्धी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय विर्तामोडको सूचना

साविक नेपाल खाद्य संस्थान हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय विर्तामोडले यहि मिति 2082 साल मंसिर 04 गते देखि सोना संसुली धान र रंजित मंसुली धान प्रति क्वीन्टल रु 3628 ।33 (अक्षरुपी तीन हजार छ सय अठाइस रुपैंया तेतिस पैसा मात्र) मा कम्पनीको मुख्य शाखा कार्यालय भगवान चौक विर्तामोड-01 झापामा खरिद कार्य सुचारू हुने व्यहोरा सम्पूर्ण किसान वर्गमा जानकारी गराईन्छ ।

पुनश्च

- कम्पनीले तोकिएको गुणस्तर मापदण्ड अनुसारको धान मात्र खरिद गरिने ।
- धान खरिद कार्य सार्वजनिक विदाको दिन बाहेक हरेक दिन बिहान 10 बजे देखि 3 बजेसम्म सुचारू रहने ।
- यस कम्पनीमा धान बिक्री गर्न आउने बिक्रेता कृषकहरुले नागरिकताको प्रमाणपत्रको छाँयाप्रति तथा जग्गाधनि पुर्जाको छाँयाप्रतिको आधारमा 10.00 क्वीन्टल सम्म धान खरिद गरिने र त्यस माथि अधिक्तम 150.00 क्वीन्टल सम्म नागरिकताको प्रमाणपत्रको छाँयाप्रति तथा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहबाट जारी गरिएको कृषक प्रमाणिकरणको मुल प्रति सिफारिस र सोको छाँयाप्रति सहित अनिवार्य रुपमा लिएर आउनुपर्ने छ ।
- किसानले कार्यालयसम्म धान आफ्नै खर्चले ल्याउनु पर्नेछ ।त्यस पछि कार्यालयमा हुने तौलाई, चौकाई सम्बन्धी खर्च कम्पनीले नै व्यहोर्ने छ ।
- धान बिक्री वापतको रकम धान बिक्रेता किसानहरुलाई कम्पनीले सिधै निजको बैंक खातामा जम्मा गरिदिने भएको हुँदा धान बिक्रेता किसानहरुको बैंक खाता अनिवार्य रुपमा हुनुपर्ने छ । बिक्रेता किसानहरुले चेकको प्रतिलिपि अनिवार्य रुपमा ल्याउनुपर्ने छ ।
- यस कार्यालयमा यस वर्ष 8000 क्वीन्टल कोटा मात्र रहेको छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
मुख्य शाखा कार्यालय विर्तामोड, झापा ।
फोन नं 9764479767, 9769721883


# कमला पुल निर्माण तीव्र गतिमा अघि बढाउने मन्त्री घिसिङको प्रतिबद्धता

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन पुलको काम तीव्र गतिमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।
करिब १४ वर्षअघि ठेक्का सम्झौता भए पनि पुल निर्माण नसकिँदा यहाँका नागरिकले सास्ती खेप्नुपरेको गुनासो आएपछि मन्त्री घिसिङले आज स्थलगत अनुगमन गरे ।
मन्त्री घिसिङले भने, "मैले कमला पुलबारे धेरैपटक सुनिरहेको हो, पुल यस क्षेत्र र समग्रमा मधेशको लाइफलाइन हो, कमला पुलको निर्माण विना यो क्षेत्रको समग्र विकास हुन सक्दैन ।"
मन्त्री घिसिङसँगै युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैशी, हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतो, जेन्जी अगुवाहरू सुदन गुरुङ, शिव यादव, पुरषोत्तम यादवलगायत सम्मिलित टोलीले कमला पुलको संयुक्त अनुगमन गरेका थिए ।
अनुगमनकै क्रममा मन्त्री घिसिङ डुङ्गा चढेर धनुषाबाट सिरहा पुगे ।
विसं २०६८ जेठमा २४ करोड ९१ लाख लागतमा पप्पु लुम्बिनी जेभीसँग पुल निर्माणका लागि सम्झौता भएको थियो । विसं २०७१ मङ्सिरमा निर्माण सम्पन्न हुनुपर्ने पुल हालसम्म सकिएको छैन । पुल निर्माणका सम्झौता हाल नवौँ म्याद थपको प्रक्रियामा छ ।
विसं २०७८ असार १७ को बाढीका कारण पुलका दुई जग भासिँदा क्षति भएको थियो । कूल ४६९ मिटर लम्बाइको यो पुलको ८३ प्रतिशत भौतिक प्रगति र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ ।

मन्त्री घिसिङले विगतमा पुल निर्माणमा भएका अनियमितताको सम्बन्धमा सम्बन्धित निकायले छानबिन गरिरहेको र दोषी देखिएकालाई कानुन बमोजिम कारबाही गरिने प्रतिबद्धता समेत जनाए ।

अनुगमनकै क्रममा मन्त्री घिसिङलाई कमला पुल निर्माण सङ्घर्ष समितिले समेत चाँडो पुल निर्माण गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको थियो ।

विदेश...

एएफबी), मिर्गौलाको कार्य परीक्षण (सिरम युरिया, क्रियाटिनिन), हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडलगायत रहेका छन् ।
मन्त्रालयले कामदारको उमेर र पेसाअनुसार जोखिम समूह छुट्याएर पेसागत रोग (श्वासप्रश्वासको समस्या, छालाका रोग, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोगजस्ता अवस्था)को आवश्यक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।
श्रम मन्त्रालयका अनुसार प्रमुख गन्तव्य देश मलेसिया, कतार, साउदी अरेबिया, यूएई र युरोपेली देशहरूले राखेको मापदण्डअनुसार स्वास्थ्य जाँचमा वृद्धि गरिएको जनाइएको छ । वैदेशिक रोजगारमा जाने श्रमिकमध्ये हरेक वर्ष करिब एक हजार जनाको मृत्यु हुने गरेको छ । वैदेशिक रोजगार बोर्डको अभिलेखअनुसार सबैभन्दा बढी हृदयघातबाट १९, प्राकृतिक कारणबाट १९.५, कार्यस्थल दुर्घटनाबाट ७, सडक दुर्घटनामा १२.७, आत्महत्याबाट ११ प्रतिशत र बाँकी ३०.८ प्रतिशतको अन्य कारणले मृत्यु भएको हो । अधिकांश प्रमाणपत्रमा 'नेचुरल, सडेन डेथ, हार्ट अट्याक, अननेचुरल' जस्ता शब्द लेखिएका हुन्छन् । गन्तव्य देशले कार्यस्थल र सवारी दुर्घटनाको मात्रै जिम्मेवारी लिँदै आएका छन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२८ । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मुठभेडको खतरा

बाराको सिमरामा बुधवार भएको घटनाले देश मुठभेडतर्फ जाने खतरा देखिएको छ । जेनजी आन्दोलनपछिको परिवर्तनलाई आत्मसात नगरी पुरानै सत्ता फर्काउन जोरजुलुम गरिरहेको नेकपा एमालेले जेनजीहरुलाई दिन खोजेको टक्करबाट देश अशान्ततर्फ उन्मूख भएको हो । अराजक र भड्किलो अभिव्यक्तिसंगै एमालेले शुक्रवार युथ भोलेन्टियर फोर्स गठन गरेपछि अब शान्ति सुरक्षा कायम गराउन मुश्किल पर्ने देखिएको छ ।

'अब के हुन्छ ? देश कता जान्छ ? फागुन २१ मा चुनाव नभए एमालेले भनेजस्तो संसद् पुनःस्थापना हुन्छ ?' यस्ता अन्योल छाएको छ । पछिल्लो अढाई महिनामा गाउँदेखि शहरसम्म यिनै प्रश्न घुमिरहेका छन् ।

सरकार र सत्ता सञ्चालनको अनुभव भएका र इतिहास बोकेका राजनीतिक दलहरू रक्षात्मक बनेका बेला समाजमा अनेकथरि भ्रम फिँजिएका छन् ।

भदौ २३ को जेनजी आन्दोलन र त्यसको भोलिपल्ट जेनजीको आवरणमा भएको विध्वंशपछिका अढाई महिना अन्योल, आशंका र संशयमा बितेका छन् । मानिसहरूमा त्रास कायम छ ।

वास्तवमा जायज माग राखेर भदौ २३ गते भएको जेनजी आन्दोलनलाई छायाँमा पार्न खोजिएको छ । त्यही आन्दोलनलाई आधार बनाएर स्वार्थ समूहले धमिलो पानीमा माछा मार्ने काम गरिरहेको छ ।

भदौ २३–२४ को आन्दोलनको सन्त्रास सेलाउन नपाउँदै फेरि सडकमा विभिन्न खालका प्रदर्शन भइरहेका छन् ।

नेकपा एमाले र दुर्गा प्रसाई नेतृत्वको 'नागरिक बचाऊ महाअभियान'ले आन्दोलन शुरु गरिसकेका छन् ।

जेनजी आन्दोलनका कारण सत्ताबाहिर पुगेको एमालेले संसद् पुनःस्थापनाको माग राखेर सडक आन्दोलन शुरु गरेको छ । सुशीला कार्की नेतृत्वको सरकार र गृहमन्त्री ओमप्रकाश अर्यालको स्वेच्छचारिताविरुद्ध एमालेले युवा संघलगायत भ्रातृ संगठनलाई सडकमा उतारेको छ । मंसिर २७ देखि २९ सम्मको महाधिवेशनको तयारी र संसद् पुनःस्थापनाको आन्दोलनलाई एमालेले सँगसँगै अगाडि बढाउने देखिन्छ ।

यस्तो अवस्थामा एमालेले शुरु गरेको जनपरिचालनले संसद् पुनःस्थापनाको पक्षमा माहोल सिर्जना गऱ्यो भने राजनीतिक परिदृश्य अर्कै बन्ने देखिन्छ ।

संसद् पुनःस्थापनाको पक्षमा हुने प्रदर्शनमा जनता सडकमा उत्रिए भने कांग्रेस–माओवादी लगायत दल पनि आन्दोलनमा मिसिन बाध्य हुनेछन् ।

भदौ २७ गते शीतल निवासमा शपथ समारोहमै प्रधानमन्त्री सुशीला कार्कीको खुट्टा ढोगेर आफूलाई आन्दोलनको मुख्य हिस्सेदार दाबी गरिरहेका 'हामी नेपाल'का संयोजक सुधन गुरुङले आन्दोलन दबाउने भूमिका खेलेको भन्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली लगायतलाई पक्रन दबाब दिँदै आएका छन् । काठमाडौं महानगरका मेयर बालेन साह, सुधन गुरुङ लगायतले ओली, लेखक लगायतलाई पक्राउ गर्न सरकारमाथि दबाब सिर्जना गरिरहेका छन् ।ओली–लेखकविरुद्ध किटानी जाहेरी लिएर प्रहरीकोमा पुगेका गुरुङ समूह यही एजेन्डालाई लिएर सडक आन्दोलनमा जाने तयारी पनि गरिरहेको छ ।सडकमा हुन सक्ने सम्भावित मुठभेडका कारण शान्ति सुरक्षा र अमनचयन खल्बलिएमा भदौ २४ मा जस्तै फेरि एकपटक सेनाले शान्ति सुरक्षाको जिम्मा लिनुपर्ने अवस्था आउने पनि विश्लेषण भइरहेका छन् ।




# तरलता व्यवस्थापन चुनौती



• कृष्णमणि पराजुली

तरलता भन्नाले कुनै पनि आर्थिक सम्पत्ति सजिलैसँग नगदमा परिणत गर्न सकिने अवस्था हो । कुनै व्यक्ति, संस्था अथवा बैङ्क तथा वित्तीय संस्थासँग भएका आर्थिक सम्पत्तिलाई सजिलो किसिमले नगदमा परिवर्तन गर्न सकिन्छ भने त्यसलाई तरलता भनिन्छ । अर्थतन्त्रमा तरलताले ठुलो महत्व राख्छ । तरलताको विशेषता भन्नु नै कुनै पनि सम्पत्तिको मूल्य नघटाई नगदमा परिणत गर्न सक्ने क्षमता हुनु हो ।

व्यक्तिगत जीवनमा जसरी तरलताको आवश्यकता हुन्छ, राज्यका लागि पनि त्यत्तिकै आवश्यक हुन्छ । कुनै व्यक्तिसँग नगदको अभाव छ भने उसले कुनै कार्यक्रम सञ्चालन गर्न सक्दैन र आधारभूत आवश्यकतासमेत पूरा गर्न सक्दैन । कुनै पनि सङ्गठनले तरलताको अभावमा उसले कर्मचारीलाई तलब भत्ता दिन सक्दैन । घरभाडा, ज्याला आदिको भुक्तानी गर्न सक्दैन र दैनिक खर्च सञ्चालन गर्नसमेत नगद अभाव हुन्छ । यसरी नै राज्यलाई पनि तरलताको आवश्यकता पर्छ । राज्यको बृहत् सङ्गठन हुने भएकाले सङ्गठन सञ्चालन गर्न नगदको आवश्यकता हुन्छ भने नागरिकका आवश्यकता परिपूर्ति गर्न पनि नगद चाहिन्छ ।

राज्यसँग आम्दानीका स्रोत धेरै हुन्छन् । यिनै स्रोतबाट सङ्कलित रकमको उपयुक्त किसिमले परिचालन गरेर जनताका आवश्यकता र आकांक्षा परिपूर्ति गरिएका हुन्छन् । आन्तरिक स्रोतसाधनबाट नपुग भएमा राज्यले आफ्नै नागरिकसँग ऋण लिएर आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्छ । राज्यको कार्य क्षेत्र विस्तृत हुने भएकाले समय समयमा उसलाई रकम अभाव हुन्छ । राज्यले आर्थिक सङ्कट समाधान गर्न विभिन्न मित्रराष्ट्र, अन्तर्राष्ट्रिय संघ संस्थासँग ऋण लिएर भए पनि जनताका आवश्यकता पूर्ति गर्छ । नेपालले आन्तरिक र बाह्य गरी करिब २७ खर्ब ऋण लिएको छ । ऋणको सावा ब्याज भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्व भएकाले वित्तीय व्यवस्थापनमा ठुलो बजेट विनियोजन गर्नु परेको छ । सन्तुलित तरलता व्यवस्थापन गर्न राज्यले कर, ऋण र अनुदानलाई प्रयोग गरेको हुन्छ ।

तरलताले सरकारी क्षेत्रसँग मात्र होइन निजी क्षेत्रसँग पनि उत्तिकै सरोकार राख्छ । नेपालमा समय समयमा तरलता अभाव हुने गरेको पाइन्छ । केही वर्षअघि बैङ्क तथा वित्तीय संस्थामा तरलताको अत्यधिक अभाव देखियो । कार्यसञ्चालन गर्न समेत समस्या परेको थियो ।

त्यस कारण बैङ्कले जनतासँग भएको पैसालाई आफूतिर तान्ने विभिन्न उपाय अवलम्बन गरे । उच्च बैङ्क ब्याज दर लागु गरे, ताकि बैङ्कमा निक्षेप बढोस् । उनीहरूले विभिन्न किसिमका स्किम लागु गरे । छ वर्षको स्थायी निक्षेपको रकम डबल हुने योजनासमेत ल्याइयो । विप्रेषणबाट आएको रकममा थप ब्याज दिइयो । यस्ता कार्यक्रमको मुख्य लक्ष्य जति सक्यो धेरै निक्षेप प्राप्त गरेर तरलता व्यवस्थापन गर्नु हो ।

बैङ्क तथा वित्तीय संस्थामा पैसाको अभाव हुन गयो भने उनीहरूले लगानी गर्न सक्दैनन् । लगानी नभएको अवस्थामा अरिरिक्त आम्दानी हुँदैन । बैङ्क तथा वित्तीय संस्थामा भएको पैसा खर्च भइसक्ने र लगानीका लागि पैसा नहुँदा बैङ्कहरू आर्थिक सङ्कटमा पर्ने हुन्छन् । त्यस कारण उनीहरूले जसरी भए पनि तरलता बढाउने काम गरेका हुन्छन् । जसले गर्दा उनीहरूलाई काम गर्न नगदको अभाव नहोस् ।

अहिले परिस्थिति भिन्न देखिन्छ । बैङ्क तथा वित्तीय संस्थामा कुल निक्षेप ७५ खर्बभन्दा बढी रहेको देखिन्छ । यसमध्ये कर्जायोग्य तरलता ११ खर्ब ३९ अर्ब सञ्चित छ । कर्जा प्रवाह हुन नसकेर रकम निष्क्रिय भएर थुप्रिएको छ । बैङ्क ब्याजदर घट्दै गएर एकल विन्दुमा आएको छ । यस्तो अनुकूल स्थितिमा पनि उद्योगी व्यवसायी ऋण लिन उत्साहित देखिँदैनन् । एक त अहिले राजनीति तरल अवस्थामा छ । यसमा पनि छिटो छिटो सार्वजनिक नीति परिवर्तन हुने हुँदा पछिसम्म यही अवस्था रहन्छ भन्नेमा उद्योगी तथा व्यवसायी विश्वस्त हुन सकिरहेका छैनन् । अर्कोतर्फ बजारमा माग बढ्न सकेको छैन । उत्पादित वस्तु बजारमा खपत हुँदैनन् भने उत्पादकले किन उत्पादन गर्ने ? अहिले उद्योगीले ४० प्रतिशत क्षमतामा उत्पादन गरिरहेको अवस्था छ । उनीहरूलाई चालु खर्च धान्न पनि मुस्किल भएको छ । मुद्दती तथा बचत निक्षेपमा ब्याजदर घटेको छ । यसरी ब्याजदर घट्दा कर्जाको ब्याजदर पनि स्वतः घटेको छ । ब्याजदर घट्नु भनेको लगानीको अवसरमा वृद्धि हुनु हो । तर पनि लगानी बढ्न सकेको छैन । यस्तो अनुकूल अवस्थामा पनि लगानीमा वृद्धि नहुनु भनेको अर्थतन्त्रले सही मार्ग लिन नसक्नु हो भन्ने बुझ्नु पर्छ ।

कुनै पनि सङ्गठनका लागि तरलता शरीरमा हुने रक्तसञ्चार जस्तै हो । शरीरमा रगत सञ्चालन भएन भने जसरी मानिसको मृत्यु हुन सक्छ । सङ्गठनमा पुँजी भएन भने सङ्गठनको अवस्था पनि त्यस्तै हुन सक्छ । बुद्धिमान लगानीकर्ताले विशेष रूपले तरलताको व्यवस्थापन गर्नु पर्छ र गरेका पनि छन् ।

अहिले अधिक तरलता भएकाले यसको उपयुक्त व्यवस्थापन नगर्दा अर्थतन्त्रमा समस्या आएको हो । लगानी बढाउन कानुनीलगायत विभिन्न सुधारका कार्यक्रम ल्याइए पनि लगानीमा खासै सुधार आएको छैन । बैङ्क तथा वित्तीय संस्थामा तरलता थुप्रिनु र पुँजीगत बजेट न्यून खर्च हुनुले पनि तरलता व्यवस्थापनमा असर पर्न गएको छ । अर्थतन्त्रका मुख्य आधार भनेका सार्वजनिक र निजी क्षेत्र नै हुन् । सार्वजनिक क्षेत्रले खर्च गर्न नसकेर रकम निष्क्रिय भएको अवस्था छ भने र बैङ्क तथा वित्तीय संस्थाले लगानी गर्न नसकेर थुप्रिएको रकमलाई नेपाल राष्ट्र बैङ्क ले तान्नु परेको छ । यस्तो अवस्था देखिनु भनेको तरलताको सन्तुलित व्यवस्थापन गर्न नसक्नु हो ।

सुशासन र विश्वासको अभाव, प्रशासनिक झन्झटिला प्रक्रिया, भ्रष्टाचार, ढिलासुस्ती जस्ता कारणले लगानी बढ्न सकेको छैन । लगानी बढ्न नसक्दा उत्पादन वृद्धि हुन सकेको छैन । लगानीका आधार निर्माण गर्दैमा लगानी बढ्ने भने होइन । मुख्य कुरो उद्यमीको मनोभावना बढाउनु पर्छ । अहिले उद्योगी तथा व्यवसायीको मनोभावना बढाउन सकिएको छैन ।


लगानी नबढाई तरलता व्यवस्थापन हुन सक्दैन । अहिलेको अवस्थामा लगानीको वातावरण त्यति देखिँदैन । जेनजी आन्दोलनमा सरकारी तथा निजी सम्पत्ति आगजनी तथा तोडफोड भयो । लगानी हुन नसकेको अवस्थामा झनै बलिरहेको आगोमा घिउ थपे जस्तो हुन गयो । अहिलेको अवस्थामा लगानी बढ्नेभन्दा पनि सङ्कुचन हुन सक्ने सम्भावना देखिन्छ । आन्तरिक अर्थतन्त्र कमजोर भएको अवस्थामा बाह्य लगानीको सम्भावना पनि न्यून हुन्छ । नेपाल 'ग्रे लिस्ट' मा पर्नु, अस्थिर राजनीति हुनु, जेनजीको आन्दोलन आदि कारणले अर्थतन्त्र प्रभावित हुन गएको छ ।

अहिले सबैको ध्यान आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा केन्द्रित छ । यसले गर्दा पनि अर्थतन्त्र चलायमान हुन सक्ने अवस्था देखिँदैन । जेनजी आन्दोलनबाट भएको आर्थिक क्षतिबाट पनि निजी क्षेत्र त्रसित भएको छ । यो अवस्थालाई सरकारले सुधार नगर्ने हो भने लगानीको वातावरण निर्माण हुने देखिँदैन । बाढीपहिरो, अबिरल वर्षा जस्ता प्राकृतिक प्रकोपका कारणले पनि लगानीमा असर पर्न गयो । आपूर्ति सहज हुन सकेन र कर्जाको माग बढ्न सकेन । विदेशबाट आएको विप्रेषणको रकमलाई पनि लगानीमा आबद्ध गर्न सकिएन । कुल विप्रेषणको ६८ प्रतिशत त उपभोगमा नै खर्च भएको तथ्याङ्कले देखाएको छ । यो रकम उत्पादनशील क्षेत्रमा प्रवाह गर्न सकिएको भए निश्चय नै केही हदसम्म तरलता व्यवस्थित हुन सक्दथ्यो । यसले पनि तरलतामा अवरोध सिर्जना गरेको छ ।

उत्पादन क्षेत्रमा भन्दा व्यापार क्षेत्रमा केही सुधार भएको देखिन्छ । व्यापार क्षेत्रले छोटो अवधिमा नै लाभ दिन सक्ने हुन्छ । त्यस कारण व्यापारी त्यसतर्फ लागेकाले न्यूनतम मात्रामा भए पनि लगानी प्रवाह हुँदै गरेको अवस्था छ । उत्पादनमूलक क्षेत्रमा लागेका उद्योगी पनि औद्योगिक वातावरणमा केही सुधार आउनासाथ लगानीले गति लिन सक्ने हुन्छ । यस अवस्थामा अहिले भएको अधिक तरलतामा सुधार हुने आशा गर्न सकिन्छ ।

अर्थतन्त्रले सही नीति र गति लिन नसकेकाले कहिले तरलता अभाव र कहिले अत्यधिक तरलता भएको देखिन्छ । यस्तो अवस्थाले अर्थतन्त्रलाई प्रभावकारी बनाउन सक्दैन । तरलता अभावभन्दा अधिक तरलताको व्यवस्थापन गर्न सजिलो हुन्छ । उद्योगी व्यवसायीले किन कर्जा लिन चाहेका छैनन् भन्ने विषयमा पहिचान गरेर उनीहरूको माग सम्बोधन गर्नु पर्छ । अहिलेको अवस्थामा अधिक तरलताको सन्तुलित व्यवस्थापन गर्नु जरुरी छ । खास गरेर अर्थमन्त्रालय, नेपाल राष्ट्र बैङ्क जस्ता केन्द्रीय आर्थिक सङ्गठनले ध्यान दिनु आवश्यक छ ।

# महँगीको मारमा सधैं श्रमिक वर्ग



• अजवी पौड्याल

नेपाल राष्ट्र बैंकको चालु आर्थिक वर्षको तीन महिना अर्थात् असोजसम्मको तथ्यांकअनुसार वार्षिक मूल्यवृद्धि १.४७ प्रतिशत छ। केन्द्रीय बैंकको तथ्यांकअनुसार पनि यो वर्ष महँगी बढेको छ। खाद्यान्नको मूल्यवृद्धि ८.०८ प्रतिशतले बढेको छ। गेडागुडीमा मूल्यवृद्धि १.७६ प्रतिशत छ। कलंकी मन्दिर पछाडिको गल्लीमा पुग्ने जो-कसैको ध्यान पहिलोपटक चन्द्रा केसी (नाम परिवर्तन) तिर पर्छ। सधैंको जस्तै धुवाँ उडाउँदै मकै पोलिरहेकी हुन्छिन् उनी। छेउमै बसेर सघाइरहेको भेटिन्छन् उनका छोरीहरू।

तर जब साँझ ढल्दै जान्छ, तब चन्दा पनि मकै भरिएको बोरा बोकेर कलंकी आइपुग्छिन्। ३ बजेतिर कालीमाटी पुगिसक्छिन् चन्द्रा। उनी मुस्कुराउँदै भन्छिन्, 'पहिले प्रतिगोटा १०-१५ रुपैयाँमै मकै भेटिन्थ्यो। अहिले कालीमाटीमै २०-२५ पर्छ। तर, ग्राहक पुरानै मूल्यमा खोज्छन्।' उनलाई अबका चुनौतीहरू पनि थाहा छ। मकै पोल्नु अब कामभन्दा बढी चुनौतीजस्तै बनेको छ चन्द्राहरूलाई। मूल्य बढ्दै जान्छ, तर आम्दानी उस्तै। कहिलेकाहीँ त घाटै हुन्छ। उनका छोरीहरू स्कुल-कलेज जानुअघि केहीबेर टहरामै बस्छन्। मकै छोडाउन, आगो बालिदिन, ग्राहकसँग पैसा मिलाइदिन सहयोगी बन्छन्।

चन्द्राका लागि यो केवल जीविकोपार्जन मात्र होइन, आफूले छोरीहरूलाई पढाउन-उठाउन गरेको संघर्षको यात्रा पनि हो। कलंकीमै तरकारी बेच्ने हर्क मगरको पनि उस्तै कथा छ। कालीमाटीमै तरकारी महँगो पर्दा आफूले किन्न नसक्ने बताउँछन्। घर बनाउने मिस्त्रीसमेत रहेका हर्कहरूलाई अहिले त काम पाउनै पनि मुस्किल छ। दैनिक रूपमा खपत हुने खाद्यान्न होस् या दाल तरकारी वा चामल नै किन नहोस्, यसको मूल्य दिनप्रतिदिन बढ्दो छ। जुन धान्न कठिन छ चन्द्रा र हर्कहरूलाई।

कालीमाटी फलफूल तथा तरकारी बजारकै मूल्यसूची हेर्ने हो भने बुधबारमात्रै भारतीय टमाटर नै कालीमाटीमा किलोको एक सय रुपैयाँ छ। व्यापारीहरूले बजारमा १ सय ४० रुपैयाँ प्रतिकेजी बेचिरहेका छन्। काउली १ सय ४०, आलु ८० रुपैयाँ केजी, गाँजर १ सय ८० रुपैयाँ किलोको पर्छ। चामल, तेल, लत्ताकपडादेखि औषधिजन्य सामग्रीमा समेत मूल्यवृद्धि भइरहेको छ। यी त केही उदाहरण हुन्, बजारमा भइरहेको मूल्यवृद्धिले गरिबदुःखी र निम्नवर्गीय व्यक्तिलाई निकै समस्या परेको छ। नेपालको आर्थिक संरचनामा श्रमशक्ति महत्त्वपूर्ण आधार हो। तीमध्ये पनि महिला श्रमिकको योगदान अत्यन्त ठूलो छ। घरधन्दा, कृषि, निर्माण, होटल-रेस्टुरेन्ट, कारखाना, घरेलु श्रमिक, सेवा क्षेत्रदेखि अनौपचारिक कामसम्म उनीहरूको सहभागिता उल्लेखनीय छ। विडम्बना के छ भने आर्थिक प्रणालीमा महत्वपूर्ण भूमिका खेले पनि श्रमिक वर्गहरू नै महँगीको सर्वाधिक मारमा पर्छन्। साँझ छाक टारे बिहान के खाउँ भन्ने अवस्थामा छन् उनीहरू।

सरकारले श्रमिकको न्यूनतम ज्याला मासिक १९ हजार सय तोकेको छ। कम्पनी तथा विभिन्न संस्थामा काम गर्ने श्रमिकले त यहीअनुसारको पारिश्रमिक पाउँछन्। तर अनौपचारिक तथा घरेलु श्रममा संलग्न श्रमिकहरूले काम गरेको ज्यालासमेत पाउँदैनन्। काम गरेको ज्याला माग्ने क्रममा मजदुरलाई गालीगलौज गरेको, कुटपिट गरेको जस्ता समाचार सार्वजनिक हुने गर्छन्। एक त समयमा ज्याला नै पाउँदैनन्, मजदुर वर्ग। त्यसमाथि मूल्यवृद्धिले उनीहरूलाई निकै समस्या परिरहेको छ। श्रमिक महिलाको अवस्था झन् दयनीय छ। असमान ज्यालाको विभेद उनीहरूले सदियौंदेखि भोगिरहेका छन्।

नेपालमा पछिल्ला वर्षहरूमा बढ्दो महँगी, न्यून तलब, अस्थिर रोजगारी र सामाजिक-आर्थिक असमानताले श्रमिक महिलालाई झनै कठोर परिस्थितिमा धकेलिरहेको छ। महँगीले बढाएको बोझ उनीहरूको दैनिक जीवन, स्वास्थ्य, कामको उत्पादकता, भविष्यको योजना र पारिवारिक दायित्वमा गहिरो प्रभाव पारिरहेको छ। नेपालमा औसत श्रमिक महिलाको मासिक आम्दानी अझै पनि पुरुषभन्दा कम हुन्छ। धेरैजसो महिला अनौपचारिक क्षेत्रमा काम गर्छन्, जहाँ निश्चित तलब, सामाजिक सुरक्षा वा बिमाजस्ता सुविधा छैनन्।

त्यसैले, जब बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि हुन्छ– तब चामल, दाल, तेल, तरकारी, ग्यास, यातायात, औषधि सबैमा त्यसको सीधा असर पर्छ। समग्रमा घरखर्चमा पर्छ। साताको मजदुरीले महिनाको खर्च धान्न नसक्दा थुप्रै महिला दुई-चार ठाउँमा काम गर्न बाध्य छन्। घरको कामसँगै कामदारको भूमिका पनि निभाउन वा धेरै समय काम गर्न बाध्य छन्। जसले गर्दा उनीहरूको बालबच्चामा निकै गहिरो मनोवैज्ञानिक असर परिरहेको छ। श्रमिक महिलाहरू आफ्नो परिवारलाई खुवाउन प्राथमिकता दिन्छन् तर आफूले प्रशस्त मात्रामा खान नपाउने गरेको खबर बाहिरिएको हुन्छ। कतिपय ठाउँमा त सुत्केरीसमेत पौष्टिक तत्त्वको अभावमा कुपोषणको सिकार हुनु परेको छ। स्वास्थ्य समस्या, रक्तअल्पता, थकानले उत्पादकतामा कमी ल्याउँछ। महँगीको तनावले धेरै महिलाहरू आफ्ना सन्तानको शैक्षिक खर्च व्यवस्थापन गर्नसमेत सकेका छैनन्।


स्वास्थ्य उपचार महँगो हुँदै गएका कारण श्रमिक महिलाहरू सामान्य रोग पनि बेवास्ता गर्न बाध्य छन्। अनौपचारिक क्षेत्रको श्रमिकले त झन् बिमा वा सुरक्षित मातृत्व सेवासमेत पाउँदैनन्। उनीहरूले भनेको समयमा बिदा नपाउने, उचित पारिश्रमिक नपाउने, कामको कुनै स्थिरता नहुने, सामाजिक सुरक्षा कोषजस्ता आर्थिक बचतका कुनै पनि योजनामा सहभागी हुन नपाउनु मुख्य समस्या बनिरहेको छ। लगातार आर्थिक दबाब, पारिवारिक दायित्व र असुरक्षित रोजगारीका कारण उनीहरूमा तनाव, चिन्ताजस्ता मानसिक समस्या बढ्दै गएको छ। महँगीले सिर्जना गरेको असुरक्षित अवस्थामा काम गर्नुपर्ने भएकाले मानसिक स्वास्थ्यमा गहिरो असर पर्छ। अर्कोतर्फ, घर र कार्यस्थलमा दुवैतिर जिम्मेवारी सम्हाल्नुपर्दा महिलाहरू दोहोरो चपेटामा परेका छन्।

महँगी बढेसँगै घरखर्च व्यवस्थापन गर्नु निकै चुनौतीको काम हो। अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको आर्थिक मूल्य खासै हुँदैन। काम लगाउने र पैसा नदिने प्रचलन पनि निकै छ। समस्या भनेकै कामको मूल्यांकन नपाइने हो– घरधन्दाको श्रमलाई अझै आर्थिक मूल्य दिइँदैन। छुट्टी अनियमित मातृत्व सुविधा नपाइने बिमा वा सामाजिक सुरक्षा कमजोर कानुनी संरक्षण सीमित हुनुजस्ता अनेक समस्या छन्। महँगीको बेला यस्तो असुरक्षित रोजगारीले उनीहरूको आर्थिक बोझ बढाउँदै गएको छ। सरकारले तोकेको न्यूनतम तलबले पनि अहिलेको महँगीलाई धान्ने अवस्थामा छैन।

कामदार महिलालाई समान तलब र समान अवसर सुनिश्चित गर्न कानुनी कार्यान्वयन कडा हुनुपर्छ। अनौपचारिक क्षेत्रका श्रमिक महिलालाई पनि, स्वास्थ्य बिमा, सुरक्षित मातृत्व सेवा, दुर्घटना बिमा, पेन्सन वा दीर्घकालीन सामाजिक सुरक्षाजस्ता सुविधा उपलब्ध गराउन आवश्यक छ। महिला श्रमिकलाई यौन-हिंसा, शोषण, तलब नदिने, ओभरटाइम दुरुपयोगजस्ता समस्याबाट जोगाउन सरकारले श्रमबजारमा निगरानी बढाउनुपर्छ। श्रमिकको पक्षमा काम गर्न सहकार्य हुनुपर्छ। समाज चलाउन मुख्य भूमिका खेल्ने श्रमिकको पीडा र चुनौतीलाई नदेखिने गर्नु अन्याय हो। महँगीको मारमा पिल्सिरहेका श्रमिकलाई सहारा दिन राज्य, समाज, मजदुर संगठन र निजी क्षेत्र सबैको जिम्मेवारी हो। श्रमिकको श्रमको उचित मूल्यांकन गरिएको अवस्थामा हाम्रै समाजको विकास हो। साँझ बिहान जुटाउने गाँसको अभावमा कोही कसैले देश छाड्न पर्दैन। श्रम ऐनअन्तर्गत नियमन, निगरानीमा कडाइ गरिए श्रमिक माथि हुने विभेद कम हुन्छ। सरकारले मूल्यवृद्धिको नियमन र निरीक्षण गर्नुपर्छ। यहाँ किसानले मूल्य नपाउने र ग्राहकले महँगो मूल्यमा सामान किन्नुपर्ने बाध्यताको अन्त्य हुनुपर्छ।

# प्रौढ उमेरसंगै लेखनमा उदाएका हरिप्रसाद

भद्रपुर(प्रस) । साहित्य सिर्जनामा प्रवेश गर्न उमेरले रोक्दैन भन्ने उदाहरण कवि तथा सर्जक हरिप्रसाद न्यौपानेले प्रस्तुत गरेका छन् । ६२ वर्षे उमेर पार गरेपछि लेखनमा उदाएका न्यौपानेले ७५ वर्ष पार गर्दै गर्दा फुटकर कविता तथा खण्डकाव्य र महाकाव्य गरी ६ वटा कृति प्रकाशन गरिसकेका छन् ।छन्दको तरङ्ग नामक रेडियो कार्यक्रमबाट प्रभावित भइ कविता लेखनमा होमिएका न्यौपानेका लागि कार्यक्रम उत्पादक तथा प्रस्तोता केशव भट्टराई नै सिर्जनाका लागि पहिलो प्रेरक बनेका छन् । झापाको पहिलो एफएम कञ्चनजंघाका असल स्रोता रहेका न्यौपानेले त्यही एफएमको साहित्यिक कार्यक्रम छन्दको तरङ्गका कारण कवि तथा सर्जक बन्ने फराकिलो बाटो भेटाएका हुन् ।



२००७ साल साउन ४ गते पूर्वी नेपालको भोजपुर जिल्लाअन्तर्गत गोगनेको रचने गाउँमा दामोदर तथा पवित्रा न्यौपानेको अन्तिम सन्तानका रूपमा एक्लो छोरो भएर जन्मिएका न्यौपाने हाल भद्रपुर १० चन्द्रगढीस्थित वीपी टोलका स्थायी बासिन्दा हुन् । न्यौपानेको पछिल्लो कृतिका रूपमा रमा स्मृति काव्य २०८१ चैत्रमा प्रकाशित भएको छ । पहिलो कृतिका रूपमा न्यौपानेको सिर्जना छन्द कविता संग्रह तरङ्ग २०७२ सालमा प्रकाशित भएको थियो । त्यसपछि क्रमशः हाम्री फुपू महाकाव्य २०७४, महावीर कर्ण काव्य २०७६, रित्तिएका आँशु सामाजिक काव्य २०७८, देवव्रत महाकाव्य २०८१ भदौ र रमा स्मृति काव्य २०८१ चैत्रमा प्रकाशित भइसकेका कृति हुन् ।

संस्कृत साहित्यमा पूर्वमध्यमासम्मको अध्ययन पूरा गरेका न्यौपानेले जीवनका कालखण्डमा शिक्षणदेखि न्याय सेवासम्मका क्षेत्रमा काम गरेर जीवन गुजारा चलाएका छन् । ७० वर्ष उमेरको छेउछाउमा आइपुगेपछि कम्प्युटर चलाउन सिकेका न्यौपाने आफ्ना रचना आफैं कम्प्युटरमा लेखेर राख्न सक्ने क्षमता बनाइसकेका छन् भने आफ्नो पेशा कानुनी सेवाका लागि लेखिने कागजपत्र समेत आफैं कम्प्युटरमा लेख्न सक्ने न्यौपाने प्रौढ उमेरसंगै सिर्जनामा जवान हुँदै गएका सर्जक पनि हुन् ।

साहित्यलाई समाजको सत्यचित्र मान्ने न्यौपानेका सिर्जनाले तत्कालीन समाज चिनाउने प्रयास गरिरहेको पाइन्छ । साहित्यमा विगतका इतिहास जोडेर वर्तमानका अमिल्दा मानवीय कृयाकलापप्रति व्यंग्य कस्ने न्यौपानेले समाजमा सभ्यता निर्माणमा साहित्यको सहभागिता खोज्ने प्रयास गरेको पनि देखिन्छ । पैसामुखी बन्दै गएको नेपाली समाजलाई मानवतावादी भाव पस्कने न्यौपानेले प्रचार होइन, प्रभाव छोड्ने साहित्य पस्किरहेका छन् । असल पाठक बाहेकले चिन्न नसकेका सर्जक न्यौपाने प्रगतिशील विचारक हुन् ।

न्यौपानेका कविता काव्यले देशमा शासन सत्ताका नाममा शोषण, दमन भइरहेको संकेत गर्दै नेपालीको सुरक्षा गर्न सपूतसित आग्रह गर्छन् । कविता काव्यभित्र नेपाल देश असल शासक नरहेकै कारण सिमाना मिचिएको, स्वाभिमान गुम्दै गएको, भ्रष्टाचार, दुराचार, अन्याय र अत्याचार बढिरहेकोमा आक्रोश पनि पोखिएको पाइन्छ । युवाहरूलाई आफ्नो मातृभूमि उजाड बनाएर अर्काको भूमि उर्वर बनाउन विदेसिने प्रवृत्ति त्याग्न कविता काव्यमार्फत सफल न्यौपानेले नेपाली युवायुवतीलाई संघीय लोकतान्त्रिक गणतन्त्र जनमैत्री बन्न नसक्नुमा शासकीय सिद्धान्त कमजोर भएर शासक बलियो बन्दै गएकोमा शक्ति खोसेर लिन आग्रह गरिरहेका हुन्छन् । उनले देश र माटो सम्झन जन्मथलो, कर्मथलोदेखि मानवतासम्म समेटेर ६ वटा कविता काव्यका कृतिभित्र नेपाली समाजको वास्तविक चित्र प्रस्तुत गरेका छन् ।

कविता काव्यमा मात्र सीमित सर्जक नभएर न्यौपाने कथा, लघुकाव्य र संस्मरणात्मक आलेख लेखनमा पनि उत्तिकै सफल रहेका छन् । प्रकाशनका लागि तयार भएर बसेका तीन कृतिमा ससुराली यात्रा कथा संग्रह, अभिलेख लघु काव्य र नयाा झोला कविता संग्रह रहेका छन् । यी कृतिले पनि अहिलेको जल्दोबल्दो नेपाली समाजलाई शब्दको माध्यमबाट यथार्थ चित्रणको प्रयास गरेको पाइन्छ ।

# बुद्धशान्तिमा आगलागी, १० लाख बढीको क्षति

झापा(प्रस) । झापाको बुद्धशान्तिमा आगलागी हुँदा एउटा घर जलेर नष्ट भएको छ । बिहीवार राति ८.४० बजे बुद्धशान्ति ४ किरात चोक बस्ने उदय राईको इटाको वाल र टिनको छानो भएको दुईतले पुरानो घरमा आगलागी भएको हो । ग्वालीको रुपमा प्रयोग गरिएको सो घरमा चुलोबाट अचानक आगो सल्किएको हुनसक्ने आशंका गरिएको छ ।

इलाका प्रहरी कार्यालय बुधबारेबाट प्रहरी नायव निरीक्षक चन्द्रबहादुर राउतको कमाण्डमा टोली खटिएर स्थानीयबासी र मेचीनगर नगरपालिकाको दमकलको सहयोगमा राति ९:२० बजे आगो पूर्णरुपमा नियन्त्रणमा लिएको थियो ।आगलागीबाट घर र घरभित्र रहेका काठपात पूर्णरुपमा जल्दा १० लाखभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।

# कोशीमा ४२ हिमताल उच्च जोखिममा



झापा(प्रस) । कोशी प्रदेशमा ४२ हिमताल उच्च जोखिममा रहेको तथ्यांक इसिमोडले सार्वजनिक गरेको छ ।

नेपालका हिमनदी र हिमतालको तीव्र परिवर्तनसँगै उत्पन्न भयानक जोखिमबारे खाँदबारीमा शुक्रबार आयोजित अन्तरसंवाद कार्यक्रममा इसिमोडका शरदप्रसाद जोशीले २०२० को रिपोर्ट प्रस्तुत गरे । 'नेपालमा २०६९ हिमताल भएको र तीमध्ये कोशीमा मात्र ४२ वटा अत्यन्तै जोखिमयुक्त अवस्थामा छन्,' उनले भने । हिमताल फुटेमा ठूलो जनधन र पूर्वाधारमा विनाश निम्त्याउन सक्ने उनले चेतावनी दिए । उनका अनुसार संखुवासभामा भोटखोला क्षेत्रमा २ र मकालु क्षेत्रमा २ वटा गरी ४ हिमताल उच्च जोखिमयुक्त छन् । तीमध्ये तल्लो वरुणमा रहेको ठूलोपोखरी हिमताल उच्च जोखिममा भएको उनले बताए । 'करिब ३ किलोमिटर लम्बाइ र २ सय ६ मिटर गहिराइ भएको अनुमान छ,' उनले भने, 'यो तालका छेउछाउमा पनि १५ देखि २५ मिटर गहिराइ छ ।'

जोखिम बढ्दै गएपछि जल तथा मौसम विज्ञान विभाग र यूएनडीपी नेपालको सहकार्यमा ४ हिमतालका लागि जोखिम न्यूनीकरण योजना कार्यान्वयनमा अघि बढिरहेको उनले बताए । ठूलोपोखरी (तल्लो बरूण) पनि सो योजनामा समावेश छ।

हिमताल फुट्यो भने अरुण उपत्यकाका धेरै बस्ती र संरचना उच्च जोखिममा रहेको उनले बताए । 'तिब्बतबाट फुटेर आउने धेरै छन् । उत्तरी भेगमा त्यस्ता जोखिमयुक्त ताल १३ वटा छन्,' उनले भने ।

इसिमोडकी नीरा श्रेष्ठ प्रधानका अनुसार विपदमा सबैभन्दा बढी असक्त, महिला र बालबालिकामै जोखिम हुने गरेको बताइन् । उनीहरूलाई लक्षित गरी चेतना अभिवृद्धि तथा क्षमता विकास कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सुमन शाक्यले जोखिमयुक्त हिमताललाई सुरक्षित बनाउने दिगो उपाय तत्काल आवश्यक रहेको बताए । सूचना प्रणाली जडान गर्नुपर्नेमा उनले जोड दिए । प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियालगायत सरोकारवालाको उपस्थिति रहेको कार्यक्रममा हिमताल व्यवस्थापनका विषयमा विस्तृत छलफल भएको थियो ।

# वन्यजन्तुबाट क्षतिको कागजात बनाउनै झन्झट

झापा । ताप्लेजुङको फुङलिङ नगरपालिका-८ दोखु भेदावारीका किसान चेतराज घिमिरेका आँप, कटहर, लिची जस्ता फलफूलदेखि मकैजस्ता बालीसम्म ढेंडु र बाँदरले नष्ट गरिदिए ।

बारम्बार बाली नोक्सान भएपछि उनले बस्तीनजिकै आएका वन्यजन्तुले गरेका क्षतिको अनुगमन गर्न फुङलिङ नगरपालिकाका प्रमुख अमिर मादेन, उपप्रमुख भीमादेवी ओझा र वडाध्यक्ष क्षितिज सुनुवारलाई समेत बोलाए । साथै, डिभिजन वन कार्यालय र कृषि ज्ञान केन्द्रलाई पनि क्षति अवलोकन गरिदिन अनुरोध गरे । जनप्रतिनिधिहरू आएर हेरे पनि 'के गर्ने' भन्ने सुस्केराबाहेक अरू उपाय निस्किएन ।

त्यसपछि चेतराजले डिभिजन वन कार्यालयमा क्षतिपूर्ति माग गर्दै निवेदन दर्ता गराए । निवेदनसँगै सिम्ले प्रहरी चौकीको क्षति मुचुल्का, सर्जमिन मुचुल्का, वडा कार्यालय तथा फुङलिङ नगरपालिकाको कृषि शाखाद्वारा प्रमाणित क्षति विवरण, जग्गाधनीपूर्जा र नागरिकताको प्रतिलिपि समेत बुझाए । आफूले लगाएका बाली पूर्णरूपमा नष्ट भएकाले क्षतिपूर्ति पाउनुपर्ने माग उनले राखेका छन् ।

डिभिजन वन कार्यालयका अधिकृत ललितनारायण यादवका अनुसार चेतराजको निवेदन दर्ता भएर प्रदेश निर्देशनालयमा पठाउने तयारी भइरहेको छ । यादवले भने, 'निर्देशनालयबाट क्षतिपूर्ति रकम आएपछि बोलाएर हस्तान्तरण गरिने छ ।'

कागजात संकलन गर्न र प्रक्रिया बुझ्न चेतराजलाई करिब पाँच दिन लाग्यो । कागज तयार गर्न खोज्दा वन कार्यालयका केही कर्मचारीले 'जति दाबी गरे पनि १० हजार भन्दा बढी पाउनुहुन्न, निवेदन नदिए पनि हुन्थ्यो' भन्ने आशयका कुरा गरेर हतोत्साहित पार्न खोजिएको उनले दुखेसो पोखे । 'तर किसानको पीडा सरकारले बुझ्नैपर्छ भनेर मैले निरन्तर पछ्याएपछि प्रक्रियाबारे जानकारी गराइयो', उनले भने ।

अधिकृत यादवका अनुसार चालु आर्थिक वर्षमा आएको यो एकमात्र निवेदन हो । अघिल्ला वर्षमा पनि खासै निवेदन नआउने गरेको कर्मचारीहरू बताउँछन् । कञ्चनजंघा संरक्षण क्षेत्रभित्रको क्षति भए उतैबाट र अन्य क्षेत्रको भए प्रदेश निर्देशनालयमार्फत क्षतिपूर्ति उपलब्ध गराइने उनीहरूले जानकारी दिए ।

जिल्लामा यस सम्बन्धी छुट्टै बजेट नभएकाले निर्देशनालयमा एकमुष्ट कोष राखिन्छ र कार्यालयले निवेदन तथा मुचुल्काका आधारमा सिफारिस पठाउने गरेका छन् । चेतराज भन्छन्, 'बाली खाएको ठाउँको प्रमाण पेस गरे १० हजार रुपैयाँ दिने व्यवस्था छ । बाइकमा तेल हालेको खर्च पनि उठ्दैन । पैसा पाउँला भनेर दौडिँदा-दौडिँदै हैरान भइसकियो ।'

# मेचीनगरले दियो ४६ जना किसानलाई कृषि औजार



मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाले ४६ जना किसानलाई कृषि औजार वितरण गरेको छ ।

शुक्रबार नगरपालिकाको सभाहल परिसरमा एक कार्यक्रमको आयोजना गरेर उनीहरुलाई विभिन्न प्रकारका कृषि औजारहरु वितरण गरिएको हो ।

एक जना किसानलाई एउटा कम्बाइन मिल, दुई जनालाई काउम्याट र ४३ जना किसानलाई कुटी काट्ने मेसिन वितरण गरिएको छ ।

मेचीनगर-७ को राई बंगुर फर्मका सञ्चालक रविन राईलाई एउटा कम्बाइन मिल, मेचीनगर-२ का हरिभक्त चापागाईलाई ४ वटा काउम्याट र मेचीनगर-४ को उपकार कृषि फर्मका सञ्चालक सन्तोष राईलाई १६ वटा काउम्याट प्रदान गरिएको छ ।

त्यस्तै मेचीनगर-११ का १० जना, मेचीनगर-१० का २ जना, मेचीनगर-५ र २ का १/१ जना, मेचीनगर-८ का ९ जना, मेचीनगर-३ का १६ जना र मेचीनगर-१५ का ३ जनालाई गरी ४३ जना किसानलाई कुटी काट्ने मेसिन प्रदान गरिएको हो ।

कार्यक्रममा नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेतीलगायतले किसानहरुलाई उक्त औजारहरु प्रदान गरेका थिए ।

प्रमुख अतिथि नगरप्रमुख बुढाथोकीले पशुपालक कृषकहरुले अधिकतम फाइदा लिऊन् भनेर नगरपालिकाले ढिलै भएपनि व्यवस्थित ढंगले सम्बन्धित पक्षलाई वितरणमा ध्यान दिएको बताए ।

यस्तै उपप्रमुख उप्रेतीले थोरै वितरण गर्ने सही ढंगले वितरण गर्न सके सदुपयोग हुन्छ भन्ने आशा व्यक्त गरेकी थिइन् ।

कार्यक्रममा मेचीनगर-३ का किसान विनोद थापाले नगरपालिकाले कृषि क्षेत्रमा काम गरेका कृषकहरुलाई दिएको औजारले खेती गर्न सहज भएको बताए ।

किसानसँगको पचास प्रतिशत लागत साझेदारीमा करिव १४ लाख मूल्य बराबरको उक्त सामग्रीहरु वितरण गरिएको छ ।

कार्यालयको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत नगरस्तरीय कार्यक्रम अनुसार मागमा आधारित पशुपालन प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान) अन्तरगत वितरण गरिएको हो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती, वडा नम्बर ७ का वडाध्यक्ष प्रल्हादमणि ओली, ३ का वडाध्यक्ष हर्कबहादुर बस्नेत, कार्यपालिका सदस्य चित्र धिमाललगायतको उपस्थिति रहेको थियो ।

नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख दिपेन्द्र कार्कीले सहजीकरण गरेको कृषि औजार वितरण कार्यक्रमको प्रतिवेदन पशु विकास सेवा शाखा प्रमुख बिक्रम गुरुङले प्रस्तुत गरेका थिए ।

# विदेश जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न १७१ संस्था छनोट

झापा(प्रस) । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न १ सय ७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण (छनोट) गरेको छ ।

स्वास्थ्य परीक्षणलाई गुणस्तर, व्यवस्थित र पारदर्शी बनाउन भन्दै मन्त्रालयले जारी गरेको नयाँ कार्यविधिको मापदण्ड पूरा गर्ने १ सय ७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण गरेको शुक्रबार जारी सूचनामा उल्लेख छ । यो मापदण्ड पूरा नगरेका २९ वटा स्वास्थ्य संस्थालाई मन्त्रालयले सूचीकरणबाट हटाएको छ ।

अब सूचीकरण गरिएका स्वास्थ्य संस्थाले मात्रै वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न पाइनेछ । विशेषज्ञ समितिबाट अनुगमन प्रतिवेदन अध्ययन भई सूचीकरणको लागि सिफारिस भएका स्वास्थ्य संस्थाहरुलाई सूचीकरण गर्ने प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरबाट कात्तिक ३० गते निर्णय भएको हो ।

स्वास्थ्य मन्त्रालयका तत्कालीन अतिरिक्त सचिव दीपेन्द्ररमण सिंह नेतृत्वको ३० सदस्यीय उच्चस्तरीय कार्यदलले पेस गरेको प्रतिवेदनको आधारमा मन्त्रालयले स्वास्थ्य परीक्षणका सामग्री थप, ल्याबको सुधार र स्वास्थ्य परीक्षणको दायरा विस्तार गरेर 'वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्था, सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि-२०७२ लाई संशोधन गरिएको हो । त्यस कार्यविधिले निर्धारण गरेको मापदण्डअनुसार अनुगमन टोलीले गत असार २६ देखि असोज ३१ सम्म राजधानी र बाहिर रहेका दुई सय स्वास्थ्य संस्थाको अनुगमन गरेको थियो ।

श्रम प्रवक्ता पिताम्बर घिमिरले सूचीकृत स्वास्थ्य संस्था, चिकित्सक र श्रमिकलाई जिम्मेवार बनाइएको बताए । 'यसले गुणस्तरीय स्वास्थ्य परीक्षणको सुनिश्चितता गर्नेछ । मेडिकल फिटसम्बन्धी रिपोर्ट दिने गलत अभ्यास अन्त्य हुनेछ,' प्रवक्ता घिमिरेले भने,'मन्त्रालयले यसको प्रभावकारी रुपमा अनुगमन गर्नेछ ।'

सूचीकरण भएका स्वास्थ्य संस्थाहरुले अब श्रमिकको थप परीक्षण गर्नुपर्नेछ । प्रमुख परीक्षणहरूमा रक्त परीक्षण (सीबीसी, ईएसआर, प्लेटलेट), क्षयरोग परीक्षण (छातीको एक्स-रे, म्यान्टोक्स परीक्षण, स्पुटम

❖ बाँकी तेस्रो पृष्ठमा

# गौरीगञ्जमा रक्तदान कार्यक्रम सम्पन्न

झापा(प्रस)।झापाको गौरीगञ्जमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । नेपाल विद्यार्थी संघ गौरीगञ्ज गाउँ कार्यसमितिको आयोजनामा भएको कार्यक्रममा ३३ जनाले रक्तदान गरेका छन् ।

नेविसंघ गौरीगञ्जका सभापति रोशन यादवको अध्यक्षता तथा गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गौरीगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष रुपक श्रेष्ठ,गौरीगञ्ज १ र ३ का वडा अध्यक्षहरु क्रमशः कार्तिकलाल राजवंशी र श्रवण गिरी ,लायन्स क्लवका अध्यक्ष संजीव रमण, गौरीगञ्ज बहुमुखी क्याम्पसका अध्यक्ष मखना महतो , नेपाली कांग्रेस गौरीगञ्ज गाउँ समिति सभापति अघ्नु राजवंशी , गौरीगञ्जका सुरक्षा निकायका प्रमुखहरु लगायत बिभिन्न संघ संस्थाका प्रतिनिधि र नेविसंघका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ